प्रदेश नं तीनको प्रदेशसभाको प्रदेशमामिला समितिमा छलफलमा रहेको ‘ **प्रदेश सञ्चारमाध्यम व्यवस्थापन सम्बन्धी विधेयक**’का प्रावधानबारे विश्लेषण गरी फ्रिडम फोरमले तयार पारेको तीन महले टिप्पणी तथा सुझावपत्र ।

फ्रिडम फोरम
थापाथली, काठमाडौं,
फोन नं. ४१०२०३०, ४१०२०२२

## प्रदेश-३ सरकारले प्रदेश सभामा पेशगरी हाल सो सभाको प्रदेशमामीला समितिमा विचाराधीन रहेको "**प्रदेश सञ्चार माध्यम व्यवस्थापन सम्बन्धी विधेयक**" का प्रावधानको विश्लेषण तथा सुझाव

१) विचार र अभिव्यक्ति स्वतन्त्रता, सञ्चार एवं सूचनाको हकको संरक्षण र सर्म्वद्धन गर्न सञ्चार माध्यमको अनुमति, प्रकाशन, प्रशारण, सञ्चालन, नविकरण र नियमनका लागि कानून आवश्यक भएकोले यो कानून बनाउन लागिएको भनाई प्रस्तावनामा उल्लेख छ ।

२) यस विद्येयकमा ५८ वटा दफा प्रस्तावित छन् । प्रस्तावनामा संविधान प्रदत्त धारा १७ को विचार तथा अभिव्यक्तिको स्वतन्त्रता, धारा १९ को सञ्चारको हक र धारा २७ को सूचनाको हकको सर्म्वद्दन गर्ने उद्देश्य भनिएपनि मूलरुपमा विद्येयक धारा १९ को सञ्चारको हकसँग सम्बन्धित विषयमा केन्द्रित देखिन्छ ।

३) विधेयकले सवै प्रकारका सञ्चारमाध्यमहरु तथा सञ्चारकमीलाई नियमन गर्ने र केही हदसम्म पुस्तक प्रकाशनको विषय समेत समेटिएको देखिन्छ । मूल रुपमा संघीय तहमा हाल प्रचलनमा रहेका छापाखाना तथा प्रकाशन ऐन र राष्ट्रिय प्रशारण ऐनका विषयहरु समेटिएको देखिन्छ । यस्तै राष्ट्रिय आमसंचार नीति २०७३ र अनलाइन सञ्चारमाध्यम सञ्चालन निर्देशिका २०७३ जस्ता दस्तावेजमा प्रस्तुत केही विषयवस्तुलाई यस विधेयकले सम्बोधन गर्न खोजेको छ ।

४) परिच्छेद २ मा प्रशारण सम्बन्धी, परिच्छेद ३ मा पत्रपत्रिका सम्बन्धी, परिच्छेद ४ मा अनलाइन सञ्चार माध्यम सम्बन्धी, परिच्छेद ५ मा सञ्चार रजिष्ट्रार सम्बन्धी, परिच्छेद ६ मा अन्य सञ्चार सम्बन्धी विषय, परिच्छेद ७ मा कारवाही तथा सजाय सम्बन्धी र परिच्छेद ८ मा विविध विषय समेटी यो विधेयकलाई आमसञ्चार क्षेत्रको छाता कानूनका रुपमा परिकल्पना प्रस्ताव गरिएको बुझिन्छ । यस्तो कानून निर्माण आमसञ्चार क्षेत्रमा पहिलो हो । संघीय तहमा आमसञ्चारको विषयमा यस्तो छाता प्रकृतिको एकिकृत ऐन बनाउने कि नबनाउने भन्ने बहस चलिरहेको छ।

५) संघीय राजधानी काठमाडौं उपत्यका सहित देशका प्रमुख केही शहरहरु समेत भएको ३ नम्बर प्रदेशको भूभागबाट सञ्चालित हुने सबै प्रकारका आमसञ्चार माध्यम तथा त्यहाँ

कार्यरत पत्रकार सहितको जनशक्तिलाई नियमन गर्न हो की प्रदेश तह भनी स्व-घोषणा गर्ने आमसञ्चार माध्यमका लागि मात्र यो कानूनले नियमन गर्न खोजेको हो–यो विधेयकले स्पष्ट गरेको छैन । त्यसैले प्रदेश ३ भित्रको भूभागका सबै आमसञ्चार माध्यमका लागि यसै ऐनले नियमन गर्ने उद्देश्य राखी यो विधेयक तर्जुमा गरिएको हो भन्ने बुझ्नुपर्ने हुन्छ ।

६) संविधानको अनूसूची ६ मा उल्लेखित प्रदेश अधिकारको सूचीमा रहेका २१ वटा अधिकार मध्ये ३ नम्बरमा-"**रेडियो, एफ.एम, टेलिभिजन संचालन**" भन्ने मात्र उल्लेख भएको छ । जसमा पत्रपत्रिका, पत्रकारिताका अन्य क्षेत्र, अनलाइन वा संचारकर्मीहरुको नियमनको विषय समेटेको देखिंदैन । संविधानले प्रदेशलाई प्रदान गरेको अधिकारको दायरा भन्दा व्यापक रुपमा क्षेत्र विस्तारगरी आमसञ्चार क्षेत्रको छाता प्रकृतिको ऐन तर्जुमा गर्न अधिकार प्रदेश सभालाई हुने हो कि होइन, निक्यौंल गर्नुपर्ने देखिएको छ ।

७) संविधानको अनूसूची ७ मा उल्लेखित संघ र प्रदेशको सभा सूचीको १४औं बुँदामा "**सञ्चार माध्यम सम्बन्धी**" विषय हुने उल्लेख छ । तर यो साझा अधिकार बाँडफाँड सम्बन्धी ऐन तर्जुमा भएको छैन । सो सम्बन्धी ऐन तर्जुमा नहुञ्जेल प्रदेश तहले आमसञ्चार क्षेत्रका कुन-कुन विषयलाई नियमन गर्ने ऐन बनाउने हो भने विवाद सिर्जना हुनसक्छ ।

८) विधेयकले पत्रपत्रिका, पत्रकार, प्रशारण, प्रशारक, प्रेस प्रतिनिधि, सञ्चार रष्जिट्रार, समाचारपत्र, सम्पादक, स्याटलाइट, अनलाइन सञ्चार माध्यम जस्ता विषयको परिभाषा समेत गरेको छ । यी परिभाषा केही संघीय ऐनमा भएका भन्दा फरक ढंगले परिभाषा गरिएका पनि छन् ।

९) यो विधेयकमा संशोधनका लागि प्रदेश संसदहरुले संशोधन प्रस्ताव दर्ता गर्नु भएको छ ।

१०) उपरोक्त पक्षहरुको ख्याल गर्दे, नेपालको संविधान कानुनी ब्यबस्था तथा अभिब्यक्ति तथा सञ्चार स्वतन्त्रता, सुचनाको हक र सञ्चार माध्यम सञ्चालनका विश्वब्यापी मानकलाई आधार मानि फ्रिडम फोरमले प्रस्तावित विधेयकका प्रावधान, हुनुपर्ने प्रावधान तथा यसको कारणसहित यो विधेयकको समीक्षा गरेको छ ।

| परिच्छेद/दफा/खण्ड | प्रस्तावित व्यवस्था | हुनुपर्ने व्यवस्था | कारण |
|---|---|---|---|
| **परिच्छेद १<br>दफा २ को खण्ड (च) र (ट)** | २. <u>परिभाषा</u>: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा, –<br>(च) "पत्रकार" भन्नाले सञ्चार माध्यमबाट प्रसारण हुने सामग्री संकलन, लेखन वा सम्पादन गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले सम्पादक, फोटोपत्रकार, क्यामेरामेन, समाचारवाचक, व्यङ्ग्यचित्रकार, भाषासम्पादक, वेभडिजाइनर र स्तम्भलेखक समेतलाई जनाउँछ ।<br><br>(ट) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय सम्झनुपर्छ। | (च) "पत्रकार" भन्नाले सञ्चार माध्यमबाट प्रसारण हुने सामग्री संकलन, लेखन वा सम्पादन गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले सम्पादक, फोटोपत्रकार, क्यामेरामेन, समाचारवाचक, व्यङ्ग्यचित्रकार, भाषासम्पादक, वेभडिजाइनर, स्तम्भलेखक, कार्यक्रम उत्पादक र कार्यक्रम प्रस्तोतालाई समेतलाई जनाउँछ।<br><br>(ट) 'मन्त्रालय' भन्नाले आन्तरिक मामिला तथा कानुन मन्त्रालय सम्झनुपर्दछ। | परिभाषा खण्डमा कार्यक्रम उत्पादक र कार्यक्रम प्रस्तोतालाई पत्रकारका रुपमा परिभाषित नगरिएकाले थपिएको छ। उक्त पदले सम्पादन गर्ने कामको प्रकृति पूर्णतः पत्रकारिताकामो मापदण्डभित्र पर्ने भएकाले थप गरिएको हो।<br><br>आन्तरिक मामिला तथा कानुन मन्त्रालय लेख्ने। किनकी उल्लेखित आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय हाल विद्यमान नभएकोले भएको मन्त्रालयको नाम राखिएको छ। |
| परिच्छेद २, दफा ४ | **<u>इजाजतपत्र नलिई प्रसारण गर्न नहुने</u>:** कसैले पनि यस ऐन बमोजिम इजाजत पत्र नलिई कुनै पनि कार्यक्रम प्रसारण गर्नु हुँदैन । | पुरै हटाउने | नियन्त्रणजन्य/नकारात्मक सन्देश प्रवाह गर्ने तथा लोकतान्त्रिक मूल्य मान्यता र संविधानको ब्यबस्था, मर्म र भावना प्रतिकूल देखिएकाले अनावश्यक छ। |
| परिच्छेद २,<br>**दफा-७<br>उपदफा-६** | **<u>विवरण पेश गर्नुपर्ने</u> :** दफा ७ को उपदफा (१) बमोजिमको इजाजतपत्र प्राप्त गरेको छ महिना भित्रमा प्रसारण सम्बन्धी कामको प्रारम्भ गर्नुपर्ने छ र त्यस्तो कार्य प्रारम्भ हुनुअघि प्रसारण प्रारम्भ हुने दिन, प्रसारण गरिने दैनिक समय तालिका र प्रसारण गरिने कार्यक्रमको विवरण समेत सञ्चार रजिष्ट्रार समक्ष पेश गर्नुपर्नेछ ।<br><br>(५) उपदफा (३) बमोजिमको निवेदन परेको मितिले एक महिना भित्र मन्त्रालयले आवश्यक छानविन गरी | | |

| | | | |
|---|---|---|---|
| | निर्णय गर्नु पर्नेछ ।<br><br>(६) उपदफा (५) बमोजिम मन्त्रालयले गरेको निर्णय अन्तिम हुनेछ । | (६) उपदफा (५) बमोजिम मन्त्रालयले गरेको निर्णयमा चित्त नबुझे निवेदकले सम्बन्धित प्रदेशको उच्च अदालतमा पुनराबेदन गर्न सक्नेछ । | यस खालको अन्तिम निर्णय गर्ने अधिकार कार्यकारी निकाय (मन्त्रालय)मा छोड्दा चित्त नबुझ्ने पक्षको न्यायिक उपचारको हक नै मर्ने भएकाले तथा व्यक्तिको पेशा, व्यवसाय सञ्चालन र छनोट गर्ने संवैधानिक हक ( धारा१७. २ (च) कुण्ठित हुने भएकाले विधेयकले पुनरावेदन गर्ने ठाउँ खुला राख्नुपर्छ । |
| **परिच्छेद-२ दफा ८** | ८. **विवरण पेश गर्नुपर्ने :** दफा ७ को उपदफा (१) बमोजिमको इजाजतपत्र प्राप्त गरेको छ महिना भित्रमा प्रसारण सम्बन्धी कामको प्रारम्भ गर्नुपर्ने छ र त्यस्तो कार्य प्रारम्भ हुनुअघि प्रसारण प्रारम्भ हुने दिन, प्रसारण गरिने दैनिक समय तालिका र प्रसारण गरिने कार्यक्रमको विवरण समेत सञ्चार रजिष्ट्रार समक्ष पेश गर्नुपर्नेछ । | (८) विवरण पेश गर्नुपर्ने दफा ७ को उपदफा (१) बमोजिमको इजाजतपत्र प्राप्त गरेको एक वर्ष भित्रमा प्रशारणसम्बन्धी कामको प्रारम्भ गर्नुपर्ने छ र त्यस्तो कार्य प्रारम्भ हुनुअघि प्रसारण प्रारम्भ हुने दिन, प्रसारण गरिने दैनिक समय तालिका र प्रसारण गरिने कार्यक्रमको विवरण समेत सञ्चार रजिष्ट्रार समक्ष पेश गर्नुपर्नेछ । | पूर्वाधार तयारी,<br>यन्त्र उपकरण आयात र स्थापना तथा जनशक्ति व्यवस्थापन लगायतका काम छ महिनाभित्र गर्न असम्भव हुने हुँदा यसमा समयसीमा थप गरी एक वर्ष पुऱ्याउन जरुरी छ । |
| परिच्छेद-२ दफा ११ | (११. **प्रसारणमा रोक लगाउन सकिने :** संविधानको व्यवस्था र राष्ट्रहितलाई ध्यानमा राखी प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी एक पटकमा छ महिनामा नबढाई कुनै खास विषय, घटना वा क्षेत्रसँग सम्बन्धित कुनै कार्यक्रम प्रसारण संस्थाबाट प्रसारण गर्न नपाउने गरी रोक लगाउन सक्नेछ। | यो व्यवस्था पूरै हटाउने | • प्रस्तावित व्यवस्था संविधान विपरीत छ ।<br>• गैरकानुनी प्रशारण गरेको भए सो क्षेत्रको नियमन गर्ने ऐनबाटै कारबाही हुन्छ ।<br>• खास घटना, विषय, क्षेत्रलाई प्रशारण हुनबाट रोक्नु संविधान विपरीत हुन्छ । यसले सरकारलाई स्वेच्छाचारितातर्फ उन्मुख बनाउँदछ ।<br>• नियमन नै गर्नुपर्दा पनि यो विषय संघीय सरकारको क्षेत्राधिकारको विषय हो । |

| | | | |
|---|---|---|---|
| परिच्छेद-२<br>दफा १२ | १२. **<u>इजाजतपत्र रद्द गर्न सकिने</u>** : (१) कुनै प्रसारण संस्थाले यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको विपरित कुनै कार्यक्रम प्रसारण गरेमा मन्त्रालयले त्यस्तो प्रसारण संस्थालाई पहिलो पटक सचेत गराउन सक्नेछ । | **पूरै व्यवस्था हटाउने** | प्रस्तावित काम संघीय/राष्ट्रिय कानून (प्रशारण ऐन) अनुसार मात्र गर्न सकिने भएकाले । |
| परिच्छेद-२<br>दफा १४ छ र ज | १४. **<u>कार्यक्रम उत्पादन तथा प्रसारण</u>** : प्रसारण संस्थाले कुनै कार्यक्रमको उत्पादन तथा प्रसारण गर्दा देहायका कुरालाई प्राथमिकता दिनुपर्नेछः-<br>(छ) अन्तर प्रदेश र छिमेकी मुलुक तथा मित्रराष्ट्रहरू सँगको सम्बन्धमा प्रतिकूल प्रभाव नपार्ने विषयका कार्यक्रमहरू,<br>(ज) राष्ट्रले अख्तियार गरेको परराष्ट्र नीति सम्बन्धी कार्यक्रमहरू, | दुवै खण्डहरु हटाउने | यहाँ प्रस्तावित विषय नियमन गर्ने अधिकार प्रदेशको क्षेत्राधिकारभित्र पर्दैन । यो संघीय सरकारको क्षेत्राधिकारको विषय हो । त्यसैले यहाँ राख्न उचित हुँदैन । |
| परिच्छेद-२<br>दफा १६ | १६. **<u>विज्ञापन प्रसारण गर्न नपाइने</u>** : (१) दफा १५ मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रसारण संस्थाले देहायको कुराहरूको विज्ञापन प्रसारण गर्न गराउन हुँदैन:–<br>(क) राजनैतिक दलहरूलाई प्रतिकूल असर पर्ने विषयका कुराहरू,<br>(ख) अश्लिल तथा कुनै व्यक्तिको मञ्जुरी बिना निजको पारिवारिक तथा सामाजिक पक्षसँग सम्बन्धित सामग्रीहरू,<br>(ग) सरकार विरुद्धको हिँसात्मक गतिविधिलाई बढावा दिने सामग्रीहरू,<br>(घ) जनमानसमा अस्वाभाविक भय, डर, हिंसा, झुट्टा अफबाह फैलाउने लगायत आतंक पैदा गर्ने प्रकृतिका सामग्रीहरु,<br>(ङ) असंलग्न परराष्ट्र नीति विपरितका कुराहरु,<br>(च) कुनै पनि जातजाति, भाषा, धर्म, लिङ्ग, वर्ग र संस्कृतिलाई अपव्याख्या, अवहेलना, अपमानित तथा अवमूल्याङ्कन गर्ने सामग्रीहरू। | (क) हटाउने<br>(ख) अश्लिल तथा कुनै व्यक्तिको मञ्जुरी बिना निजको पारिवारिक तथा सामाजिक पक्षसँग सम्बन्धित सामग्रीहरू,<br>(ग) राज्यविरुद्धको हिँसात्मक गतिविधिलाई बढावा दिने सामग्रीहरू,<br>(घ) जनमानसमा आतंक पैदा गर्ने प्रकृतिका सामग्रीहरु | ● राजनीतिक दलहरु लोकतान्त्रिक व्यवस्थामा आलोचनामुक्त निकाय होइनन् । बरु लोकतन्त्रमा यस्ता आलोचना र खबरदारीले दलहरुलाई निरन्तर सुधारका लागि मार्ग प्रशस्त गर्दछ । त्यसैले यो जरुरी छैन ।<br>● यस प्रयोजनका लागि राज्य उपयुक्त शब्दावली हो<br>● धेरै शब्दावलीले व्यवस्था अष्पष्ट र अन्योलपूर्ण बनाएकाले |

| | | | |
|---|---|---|---|
| | | (ङ) हटाउने<br><br>(च) कुनै पनि जातजाति, भाषा, धर्म, लिङ्ग, वर्ग र संस्कृतिको अबहेलना गर्ने द्वेष उत्पन्न गर्ने सामग्रीहरु | ● प्रदेश सरकारको विषय नभएकाले<br><br>● यहाँ उल्लेखित विषयहरु संविधानको धारा १९ प्रतिकूल भएकाले । |
| परिच्छेद-२<br>दफा १७ | १७. १७. **<u>प्रसारकको काम, कर्तव्य र अधिकार</u>:**<br>प्रसारकको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ:-<br><br>(ङ) लापरवाही वा हेलचक्र्याईपूर्वक कुनै पनि कुराको प्रसारण गर्न वा गराउन नहुने,<br>(च) कुनै विवादास्पद विषयमा प्रसारण गर्नु परेमा पनि सम्भव भएसम्म सबै दृष्टिकोणबाट विश्लेषण गरी वस्तुस्थितिलाई नबंग्याई प्रसारण गर्नु पर्ने,<br>(छ) गलत तथा भ्रामक समाचार तथा अन्य सामग्रीको प्रसारण गर्न नहुने, | खण्ड ङ, च र छ हटाउने | दोहोरिएको, अर्थ नखुल्ने, अष्पष्ट र अनावश्यक भएकाले । |
| **परिच्छेद-२<br>दफा १९** | १९. **<u>प्रसारण माध्यमको वर्गीकरण</u>:**<br>(१) सञ्चार रजिष्ट्रारले प्रदेश भित्रको प्रसारण माध्यमलाई सार्वजनिक सेवा प्रसारक, सामुदायिक प्रसारक र निजी एवं व्यापारिक प्रसारकको रुपमा वर्गीकरण गर्न सक्नेछ ।<br>(२) उपधारा (१) बमोजिमको अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । | **१९) प्रसारण माध्यमको वर्गीकरण**<br><br>(१) सञ्चार रजिष्ट्रारले प्रदेश भित्रको प्रसारण माध्यमलाई सामुदायिक प्रसारक र निजी एवं व्यापारिक प्रसारकको रुपमा वर्गीकरण गर्न सक्नेछ<br><br>(२) उपधारा (१) बमोजिमको अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । | ● सार्वजनिक सेवा प्रशारक शब्दाबली हटाइएको छ । सार्वजनिक सेवा प्रशारक हुन सोही विषयको विशिष्ट ऐन हुनुपर्दछ । यो सरकारले तोकेरै वा वर्गीकरण गरेको भरमा हुने विषय होइन । यसले खास स्वीकृत कानूनी प्रबन्ध खोज्दछ । |
| परिच्छेद-३ | २०. **<u>पत्रपत्रिका दर्ता गर्नु पर्ने</u>:** (१) | *यस दफाको उप दफा १२ बाहेक सबै* | ● संविधान बमोजिम |

| | | | |
|---|---|---|---|
| दफा २० | सार्वजनिक रूपमा बिक्री वितरण हुने पत्रपत्रिका प्रदेश भित्र प्रकाशित गर्न चाहने व्यक्तिले पत्रपत्रिकको नाम, किसिम, भाषा, आकार, पृष्ठ संख्या, छापिने संख्या र प्रकाशित हुने स्थान समेत खुलाई पत्रपत्रिका दर्ता गर्नको लागि तोकिए बमोजिमको दस्तुर सहित तोकिएको ढाँचामा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।<br>तर प्रदेश सरकारको स्वामित्व भएको संगठित संस्था, विश्वविद्यालय, प्रदेश सरकारको स्वीकृति प्राप्त शिक्षण संस्था, कुनै राजनैतिक दल वा संगठनको मुखपत्रको रूपमा प्रकाशित हुने पत्रपत्रिकालाई यस दफा बमोजिम दर्ता गराउन आवश्यक पर्ने छैन ।<br>(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि प्रमुख जिल्ला अधिकारी सो निवेदन उपर आवश्यक छानविन गरी पैतीस दिनभित्र निवेदकलाई त्यस्तो पत्रपत्रिका प्रकाशन गर्न तोकिए बमोजिम अस्थायी प्रमाणपत्र दिनेछ ।<br>तर निवेदनमा उल्लिखित पत्रपत्रिकाको नाम संग मिल्ने गरी अर्को कुनै पत्रपत्रिका दर्ता भैसकेको रहेछ भने निवेदकलाई त्यस्तो नामबाट अस्थायी प्रमाणपत्र दिइने छैन ।<br>(३) उपदफा (२) बमोजिम अस्थायी प्रमाणपत्र दिईसकेपछि प्रमुख जिल्ला अधिकारीले त्यस्तो पत्रपत्रिकाको सम्पूर्ण विवरण सहित सो कुराको सूचना सञ्चार रजिष्ट्रारलाई दिनु पर्नेछ ।<br>(४) उपदफा (३) बमोजिम सूचना प्राप्त भएपछि सञ्चार रजिष्ट्रारले सो पत्रपत्रिकाको नामसंग मिल्ने गरी अन्य कुनै पत्रपत्रिका दर्ता भएको छ छैन हेरी सो नामसंग मिल्ने गरी दर्ता भएको रहेनछ भने त्यस्तो पत्रपत्रिका प्रकाशन गर्न स्थायी प्रमाणपत्र दिने गरी सञ्चार रजिष्ट्रारले स्वीकृति दिनेछ । | *हटाउने*<br>*उपदफा १२ लाई दफा २१ अन्तर्गत राख्ने* | पत्रपत्रिका नियमन गर्ने अधिकार प्रदेशको कार्यक्षेत्र भित्र पर्दैन ।<br>● यस सम्बन्धी आम सञ्चार नीति २०७३ ले लक्षित गरेअनुसार पत्रपत्रिकालाई स्वनियमन पद्धतिबाट अघि बढाइने र अभिलेख प्रणालीबाट नियमन गर्ने भनिएको छ ।<br>● सोही अनुसार संघीय ऐन तर्जुमाका लागि विधेयक मस्यौदा भएको छ ।<br>● आमसञ्चारसम्बन्धी छाता ऐनको विधेयकले पत्रपत्रिकाको अभिलेख प्रणालीमा पनि नियमन गर्ने लक्ष्य लिएको छ ।<br>● यसै विधेयकमा अभिलेखको व्यवस्था दफा २१ मा छ । दुवै दफामा यो राख्नाको अर्थ नरहेकाले यस दफाको उपदफा १२ लाई दफा २१ अर्न्तगत राखिएको छ । |

| | | | |
|---|---|---|---|
| | (५) उपदफा (४) बमोजिम सञ्चार रजिष्ट्रारबाट स्वीकृति पाएपछि प्रमुख जिल्ला अधिकारीले सम्बन्धित निवेदकलाई स्थायी प्रमाणपत्र दिनेछ ।<br>(६) निवेदकलाई स्थायी प्रमाणपत्र दिन नमिल्ने उचित कारण भएमा प्रमुख जिल्ला अधिकारीले सोही कुराको जानकारी निवेदकलाई सामान्यतया दरखास्त परेको तीन महिनाभित्र दिनु पर्नेछ ।<br>(७) उपदफा (६) बमोजिमको जानकारी दिएपछि निवेदकको अस्थायी प्रमाणपत्र स्वतःखारेज हुन्छ।<br>(८) उपदफा (५) बमोजिम प्रमाणपत्र दिएपछि प्रमुख जिल्ला अधिकारीले पत्रपत्रिका सम्बन्धी विवरण दर्ता किताब र विद्युतीय माध्यममा अभिलेख राख्नु पर्नेछ ।<br>(९) पत्रपत्रिकाको नाम, किसिम र भाषा परिवर्तन गर्नु पर्ने भएमा वा कुनै पत्रपत्रिका एकभन्दा बढी भाषामा प्रकाशित गर्नु परेमा उपदफा (१) बमोजिम प्रमुख जिल्ला अधिकारीबाट स्वीकृति लिनु पर्नेछ ।<br>(१०) उपदफा (९) मा उल्लेख भएदेखि बाहेक पत्रपत्रिका सम्बन्धी अन्य विवरणमा कुनै परिवर्तन गर्नु परेमा स्वीकृतिको लागि त्यसको विवरण प्रमुख जिल्ला अधिकारीलाई दिनु पर्नेछ ।<br>(११) उपदफा (१०) बमोजिम विवरण प्राप्त हुनासाथ प्रमुख जिल्ला अधिकारीले उपदफा (८) बमोजिमको अभिलेख राखी त्यसको स्वीकृति सम्बन्धित प्रकाशकलाई दिनु पर्नेछ ।<br>(१२) यस दफा बमोजिम दर्ता भएको पत्रपत्रिकाको विवरणमा भएका परिवर्तनको जानकारी प्रमुख जिल्ला अधिकारीले सञ्चार रजिष्ट्रारलाई दिनु पर्नेछ । | | |
| **परिच्छेद-३** | (४) थप्ने ..... | (४) यस दफा बमोजिम दर्ता भएको | संघीय ऐन (क्षेत्राधिकार)ले |

| | | | |
|---|---|---|---|
| दफा २१ | | पत्रपत्रिकाको विवरणमा भएका परिवर्तनको जानकारी प्रमुख जिल्ला अधिकारीले सञ्चार रजिष्ट्रारलाई दिनुपर्नेछ । | समेट्ने विषय भएकाले छापाखाना तथा पत्रपत्रिका सम्बन्धी व्यवस्था यस विधेयकबाट हटाउनुपर्दछ । |
| परिच्छेद-३<br>दफा २२,२३, २४ | २२. **<u>पत्रपत्रिकामा उल्लेख गर्नु पर्ने:</u>** पत्रपत्रिकामा प्रकाशक, सम्पादक, मुद्रक र छापाखानाको नाम तथा प्रकाशन वर्ष र अंक तोकिए बमोजिम स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्नेछ ।<br>२३. **<u>पत्रपत्रिकाको आकार र पृष्ठ संख्या:</u>** (१) दफा २१ बमोजिम अभिलेखीकरण भई प्रकाशित हुने पत्रपत्रिकाको न्यूनतम र अधिकतम आकार र पृष्ठ संख्या तोकिए बमोजिम हुनेछ ।<br>(२) उपदफा (१) बमोजिम तोकिएको आकार र पृष्ठ संख्यामा घटी बढी गरी प्रकाशित हुने पत्रपत्रिकालाई प्रदेश सरकार वा प्रदेश सरकारको स्वामित्व भएको संस्थाबाट दिइने सुविधा, सहायता वा विज्ञापन प्रदान गरिने छैन ।<br>२४. **<u>पत्रपत्रिकाको प्रकाशन:</u>** प्रकाशकले पत्रपत्रिकाको प्रत्येक संस्करण दफा २१ बमोजिमको अभिलेखमा उल्लिखित विवरणमा फरक नपारी प्रकाशन गर्नु पर्नेछ । | सबै दफा हटाउने | संघीय ऐन (क्षेत्राधिकार)ले समेट्ने विषय भएकाले छापाखाना तथा पत्रपत्रिका सम्बन्धी व्यवस्था यस विधेयकबाट हटाउनुपर्दछ । |
| परिच्छेद-४<br>दफा २६ | २६. **<u>पत्रपत्रिका दर्ता खारेज नगरिने:</u>** दफा २० बमोजिम दर्ता भई दफा २१ बमोजिम अभिलेखीकरण भएको कुनै पत्रपत्रिकामा कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री प्रकाशित गरे बापत त्यस्तो पत्रपत्रिका अभिलेखीकरणबाट हटाउने वा दर्ता खारेज वा जफत गरिने छैन । तर यस व्यवस्थाले नेपालको | पूरै हटाउने | • संविधानको प्रतिबन्धात्मक व्यवस्था सारेर राखिएको छ। यो जरुरी छैन ।<br>• संघीय ऐनले नियमन गर्ने विषय भएकाले पूर्ण रुपमा यो प्रावधान हटाइनुपर्छ । |

| | | | |
|---|---|---|---|
| | सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा संघीय इकाइबीचको सु–सम्बन्ध वा विभिन्न जात, जाती, धर्म वा सम्प्रदाय बीचको सु–सम्बन्धमा खलल पार्ने, राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार वा व्यक्तिको नैतिकताको प्रतिकुल कार्य गर्ने, श्रमप्रति अवहेलना गर्ने र जातिय छुवाछूत एवं लैंगिक भेदभावलाई दुरुत्साहन गर्ने कार्य गरेको प्रमाणित भएमा त्यस्तो पत्रपत्रिकालाई मनासिव प्रतिबन्ध लगाउन बाधा परेको मानिने छैन । | | |
| **परिच्छेद-४ दफा २९** | २९. **विवरण राख्नु पर्नेः** अनलाइन सञ्चार माध्यमले देहायका विवरण आफ्नो वेवसाइटको मुख्य पृष्ठ(होमपेज) मा राख्नु पर्नेछ :-<br>(क) सञ्चार रजिष्ट्रारबाट प्राप्त अभिलेखीकरणको नम्बर, आर्थिक वर्ष, सञ्चालकको नाम, ठेगाना,फोटो, सम्पर्क फोन नम्बर, ईमेल, फेसबुक पेज, वेभसाईट,<br>(ख) सञ्चालक, सम्पादक, समाचार प्रमुख र सम्वाददाताको नाम, ठेगाना, फोटो, सम्पर्क फोन नम्बर, ईमेल,<br>(ग) तोकिए बमोजिमका अन्य विषय । | (ख) सञ्चालक/प्रकाशक र सम्पादकको नाम ठेगाना र सम्पर्क विवरण | सञ्चार माध्यममा संलग्न सबै समाचारदाताको विवरण राख्ने कुरा असान्दर्भिक र अव्यवाहारिक छ । |
| **परिच्छेद-४ दफा ३०** | ३०. **विदेशबाट प्रकाशित अनलाइन न्यूज पोर्टलः** विदेशबाट प्रकाशन वा प्रसारण हुने अनलाइन न्यूज पोर्टलमा प्रकाशित वा प्रसारित कुनै सामग्री दफा ४६ विपरीत रहेको कुरा कुनै स्रोतबाट जानकारी भएमा सञ्चार रजिष्ट्रार त्यस्तो सामग्रीलाई प्रदेशभित्र प्रकाशन वा प्रसारण गर्न रोक लगाउन सक्नेछ | (३०) विदेशबाट प्रकाशित अनलाइन न्यूज पोर्टलः विदेशबाट प्रकाशन वा प्रसारण हुने अनलाइन न्यूज पोर्टलमा प्रकाशित वा प्रसारित कुनै सामग्री दफा ४६ विपरीत रहेको कुरा कुनै स्रोतबाट जानकारी भएमा सञ्चार रजिष्ट्रारले अदालतको पूर्व स्वकृित लिई त्यस्तो सामग्रीलाई रोक लगाउन सक्नेछ । | प्रस्तावित व्यवस्थाले ठाडै प्रकाशन वा प्रशारण रोक्ने अधिकार दिएको छ । यसरी संविधान प्रदत्त हकलाई कार्यकारी निकायको विवेकमा छोड्दा यसले संवैधानिक हकको उल्लघंन हुन जान्छ । यसको प्रयोग गर्न अगाडि सो गर्नु आवश्यक छ/छैन जाँच्ने र अनुमति लिने प्रणाली हुनुपर्छ र गर्नै पर्ने भए गर्नु अघि अदालतको पूर्व स्वीकृति लिएर मात्र गर्नुपर्छ । |

| | | | |
|---|---|---|---|
| परिच्छेद-४<br>दफा ३२ | ३२. **योग्यता:** सञ्चार रजिष्ट्रारको पदमा नियुक्ति हुन देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछः–<br><br>(ख) चालिस वर्ष उमेर पुरा भई साठी वर्ष ननाघेको, | (ख) साठी वर्ष ननाघेका | हाम्रो सन्दर्भमा ४० वर्ष उमेर हदलाई मात्र उपयुक्त पदका लागि सक्षम मान्ने कुरा अव्यबहारिक भएकाले यसलाई खुल्ला राख्ने, नागरिक योग्यता पुग्ने जो सुकै पनि यसमा योग्य हुन सक्ने भएकोले उमेरको उपल्लो हदलाई मात्र तोकिएको हो । |
| परिच्छेद-४<br>दफा ३६ | ३६. **सञ्चार रजिष्ट्रारको काम, कर्तव्य र अधिकार:** सञ्चार रजिष्ट्रारको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः–<br><br>(क) दैनिक प्रशासनिक कार्य गर्ने,<br><br>(ख) एफ.एम रेडियो, टेलिभिजन र पत्रपत्रिका सञ्चालनको अनुमतिपत्र प्रदान गर्ने, नवीकरण, वर्गीकरण र नियमन गर्ने,<br><br>(ग) पत्रपत्रिका, अनलाइन ञ्चारमाध्यम, रेडियो, सामुदायिक रेडियो, टेलिभिजन, केबुल टेलिभिजन र केबुल वितरकको अभिलेख राख्ने,<br><br>(घ) सञ्चार प्रविधिको प्रयोग र विकास प्रबर्धनका लागि आवश्यक कार्य गर्ने,<br><br>च) सञ्चारका माध्यमलाई दिइने सुविधाका सम्वन्धमा प्रदेश सरकारलाई सिफारिश गर्ने,<br><br>(छ) नीति कार्यक्रम एवं बजेट तयार गर्ने,<br><br>(ज) बजेट खर्च गर्ने, खर्चको लेखा | (३६) **सञ्चार रजिष्ट्रारको काम, कर्तव्य र अधिकार** : सञ्चार रजिष्ट्रारको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ<br>(क) दैनिक प्रशासनिक कार्य गर्ने,<br>(ख) एफ.एम रेडियो, टेलिभिजन र पत्रपत्रिका<br>सञ्चालनको अनुमतिपत्र प्रदान गर्ने, नवीकरण, वर्गीकरण र नियमन गर्ने,<br>(ग)<br>पत्रपत्रिका, अनलाइन सञ्चारमाध्यम, रेडियो, सामुदायिक रेडियो, टेलिभिजन, केबुल टेलिभिजन र केबुल वितरकको अभिलेख राख्ने,<br>(घ) सञ्चार प्रविधिको प्रयोग र विकास प्रबर्धनका लागि आवश्यक कार्य गर्ने,<br>(च) सञ्चारका माध्यमलाई दिइने सुविधाका सम्वन्धमा प्रदेश सरकारलाई सफारिश गर्ने,<br>(छ) नीति कार्यक्रम एवं बजेट तयार गर्ने,<br>(ज) बजेट खर्च गर्ने, खर्चको लेखा राख्ने र लेखा परिक्षण गराउने,<br>(झ) आफूलाई प्राप्त अधिकार मातहतका अन्य कर्मचारीलाई प्रत्यायोजन गर्ने,<br>(ट) मन्त्रालयले समय समयमा दिएको निर्देशन बमोजिमको कार्य गर्ने,<br>(ठ) श्रमजीवी पत्रकार ऐन २०५४ कार्यान्वयनको अनुगमन र रेखदेख गर्ने, | यस दफामा खण्ड ठ देखि त सम्म नयाँ व्यवस्था प्रस्ताव गरिएको छ । |

| | | | |
|---|---|---|---|
| | राख्ने र लेखा परिक्षण गराउने,<br><br>(झ) आफूलाई प्राप्त अधिकार मातहतका अन्य कर्मचारीलाई प्रत्यायोजन गर्ने,<br><br>(ट) मन्त्रालयले समय समयमा दिएको निर्देशन बमोजिमको कार्य गर्ने,<br><br>(ठ) तोकिएका अन्य कार्य गर्ने । | (ड) पत्रकारको योग्यता, क्षमता शीप विकासमा सहयोग गर्ने<br>(ढ) अभिव्यक्ति स्वतन्त्रताको रक्षा तथा प्रवर्द्धन गर्ने<br>(ण) सञ्चार क्षेत्रमा स्वनियमनलाई प्रोत्सहान र प्रवर्द्धन गर्ने<br>(त) सञ्चार संस्थाका कर्मचारी र श्रमजीवी पत्रकारको हकहितको अवस्था अनुगमन गर्ने,<br>(थ) तोकिएका अन्य कार्य गर्ने । | रजिष्ट्रारका काम कर्तव्य अधिकारभित्र सकारात्मक तथा प्रवर्द्धनात्मक प्रकृतिका विषय समावेश गर्न उपयुक्त ठानी थप प्रावधान उल्लेख गरिएको हो । |
| परिच्छेद-४<br>दफा ४० | ४०. <u>कार्यविधि बनाई लागू गर्ने</u>:<br>(१) यस ऐन बमोजिम संचालित सञ्चार माध्यमले प्रकाशन, प्रसारण लगायतका काम कारबाहीलाई व्यवस्थित, प्रभावकारी, पारदर्शी, जवाफदेही बनाउन यस ऐनको प्रतिकूल नहुने गरी कार्यविधि बनाई लागू गर्नुपर्नेछ ।<br>(ङ) कार्यविधि सम्बन्धी अन्य विषय तोकिए बमोजिम हुनेछ । | खण्ड ङ हटाउने | अस्पष्ट व्यवस्थाले नियन्त्रणको खतरा हुन्छ। अनावश्यक देखिएका कुरा ऐनमा स्पष्टसँग राख्नुपर्दछ । |
| परिच्छेद-६<br>दफा ४१ | ४१. <u>लगानी सम्बन्धी ब्यवस्थाः</u><br>(१) कुनै पनि ब्यक्ति, समुह वा संस्थाले सञ्चार माध्यम सञ्चालन गर्न यस ऐन बमोजिम अभिलेखीकरण वा इजाजत लिनका लागि दिईने निवेदन साथ सम्बन्धित सञ्चार माध्यममा गरिने लगानीको श्रोत खुलाउनु पर्नेछ ।<br>(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सञ्चार माध्यममा पचास प्रतिशतभन्दा बढी लगानी गरी सञ्चालन गरेका ब्यक्ति, परिवार वा समूहले सो बाहेक अन्य प्रकाशन वा प्रसारण माध्यमको स्वामित्वमा निर्णयात्मक हिस्सा हुने गरी लगानी गर्न पाउनेछैन । | (४१) **लगानी सम्बन्धी ब्यवस्था** : (१) कुनै पनि ब्यक्ति, समूह वा संस्थाले सञ्चार माध्यम सञ्चालन गर्न यस ऐन बमोजिम अभिलेखीकरण वा इजाजत लिनका लागि दिईने निवेदन साथ सम्बन्धित सञ्चार माध्यममा गरिने लगानी पारदर्शी हुनुपर्नेछ ।<br>२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सञ्चार माध्यममा पचास प्रतिशतभन्दा बढी लगानी गरी सञ्चालन गरेका ब्यक्ति, परिवार वा समूहले सो बाहेक अन्य प्रकाशन वा प्रसारण माध्यमको स्वामित्वमा निर्णयात्मक हिस्सा हुने गरी लगानी गर्न पाउनेछैन । | स्रोत भन्नाले कस्तो खालको स्रोत हो प्रष्ट भएन त्यसैले यसरी गरिने लगानीको पारदर्शीता कायम हुने तवरले सार्वजनिक हुनुपर्ने भएकाले यो व्यवस्था प्रस्ताव गरिएको हो । |

| | | | |
|---|---|---|---|
| | (३) सञ्चारमा लगानी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । | ३) सञ्चारमा लगानी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । | |
| परिच्छेद-६<br>दफा ४३ | ४३. **सञ्चार माध्यम सञ्चालन शुरु भएको तथा बन्द भएको जानकारी दिनुपर्ने**: (१) सञ्चार माध्यमले प्रकाशन तथा प्रसारण शुरु भएको जानकारी सञ्चार रजिष्ट्रारलाई दिनुपर्नेछ ।<br>(२) सञ्चार रजिष्ट्रारमा अभिलेखीकरण भएका सञ्चार माध्यम कुनै कारणले सञ्चालन गर्न नसकेमा वा सञ्चालन भई बन्द गर्नु परेमा सोको जानकारी सञ्चार रजिष्ट्रारलाई गराउनु पर्नेछ । | **४३. सञ्चार माध्यम सञ्चालन शुरु भएको तथा बन्द भएको जानकारी दिनुपर्ने** (१) प्रदेशस्तरीय सञ्चार माध्यमले प्रकाशन तथा प्रसारण शुरु भएको जानकारी सञ्चार रजिष्ट्रारलाई दिनुपर्नेछ<br><br>-२) सञ्चार रजिष्ट्रारमा अभिलेखीकरण भएका सञ्चार माध्यम कुनै कारणले सञ्चालन गर्न नसकेमा वा सञ्चालन भई बन्द गर्नु परेमा सोको जानकारी सञ्चार रजिष्ट्रारलाई गराउनु पर्नेछ .। | यो प्रस्तावित विधेयकको क्षेत्राधिकार प्रदेश मात्र भएकोले प्रदेशस्तरीय सञ्चारमाध्यमलाई मात्र समेट्ने हुँदा यो व्यवस्था प्रस्ताव गरिएको हो । |
| परिच्छेद-६<br>दफा ४४ | ४४. **प्रेस प्रतिनिधि सम्बन्धी व्यवस्थाः** (१) कुनै नेपाली वा विदेशी सञ्चार सम्बन्धी संस्थाले प्रदेशभित्र काम गर्ने आफ्ना प्रतिनिधिहरुको नाम, योग्यता र कार्यक्षेत्र समेत उल्लेख गरी तोकिए बमोजिमको विवरण सञ्चार रजिष्ट्रार समक्ष बुझाउनु पर्नेछ ।<br>तर विदेशी मित्रराष्ट्रका राष्ट्राध्यक्ष वा सरकारप्रमुख वा उच्चस्तरीय प्रतिनिधिमण्डल प्रदेश भ्रमणमा आउंदा साथमा आउने पत्रकार वा प्रदेश सरकारको निमन्त्रणामा प्रदेश भ्रमणमा आउने पत्रकारहरुको लागि उक्त भ्रमण अवधिभरको लागि त्यस्तो विवरण दिन आवश्यक नपर्ने गरी सञ्चार रजिष्ट्रारले छुट दिन सक्नेछ ।<br>(२) उपदफा (१) बमोजिम विवरण पठाउने सञ्चार सम्बन्धी संस्थाका प्रतिनिधिहरुलाई सञ्चार रजिष्ट्रारले प्रेस प्रतिनिधि प्रमाणपत्र प्रदान गर्नेछ ।<br>(३) प्रदेशको राष्ट्रिय चाडपर्व वा विशेष अवसरमा छोटो अवधिको लागि प्रदेश भ्रमणमा आउने पत्रकारहरुको लागि सञ्चार रजिष्ट्रारले अस्थायी प्रेस प्रतिनिधि | ४४. पूरै हटाउने | • अनावश्यक छ ।<br>• संघीय आमसञ्चार नीति विपरीत छ ।<br>• प्रेस स्वतन्त्रताको मान्यता विपरीत छ ।<br>• सरकार/राज्य पत्रकारको Accreditation गर्ने निकाय होइन<br>• प्रेस पास सम्बन्धित सञ्चार माध्यमले नै दिने हो । |

| | | | |
|---|---|---|---|
| | प्रमाणपत्र दिने ब्यवस्था गर्न सक्नेछ ।<br>(४) उपदफा (२) वा (३) बमोजिम प्रेस प्रतिनिधि र प्रमाणपत्र लिन चाहने व्यक्तिले आफू काममा संलग्न रहेको संस्थाको सिफारिस साथ तोकिए बमोजिमको योग्यताको प्रमाणपत्रको प्रतिलिपिसंलग्न राखी सञ्चार रजिष्ट्रार समक्ष निवेदन दिनु पर्नेछ र सञ्चार प्रतिनिधि प्रमाणपत्र लिन चाहने स्वतन्त्र पत्रकारले पनि सोही बमोजिम निवेदन दिन सक्नेछ।<br>(५) उपदफा (४) बमोजिमको निवेदन प्राप्त भएपछि सञ्चार रजिष्ट्रार त्यस्तो निवेदन उपर आवश्यक छानविन गरी तोकिएको दस्तुर लिई तोकिएको ढाँचामा निवेदनवालालाई प्रेस प्रतिनिधि प्रमाणपत्र वा अस्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र दिन सक्नेछ ।<br>(६) उपदफा (५) बमोजिम प्रेस प्रतिनिधि प्रमाणपत्र वा अस्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र पाएको व्यक्तिले यस ऐन र प्रचलित कानूनको अधीनमा रही आफ्नो कार्य क्षेत्रभित्र समाचार संकलन गर्न सक्नेछ ।<br>(७) प्रेस प्रतिनिधि तथा स्वतन्त्र पत्रकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ । | | |
| **परिच्छेद-६<br>दफा ४५** | ४५. **<u>प्रकाशन तथा प्रसारण गर्न नहुने:</u>** (१) देहायका कुराहरु कुनै पनि स्वदेशी, विदेशी सञ्चारको माध्यमबाट प्रकाशन, प्रसारण गर्न तथा सञ्चार सामाग्रीको उत्पादन र प्रवाह गर्न हुँदैनः–<br>(क) नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा संघीय इकाइ बीचको सुसम्बन्धमा आँच आउने,<br>(ख) विभिन्न जात, जाती, धर्म वा सम्प्रदाय बीचको सुसम्बन्धमा खलल पर्ने, | ४५. सबै हटाउने | यो व्यवस्था दोहोरिएको र अनावश्यक छ । |

| | | | |
|---|---|---|---|
| | (ग) राज्यद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने,<br>(घ) सार्वजनिक शिष्टाचार, नैतिकताको प्रतिकूल हुने,<br>(ङ) श्रमप्रति अवहेलना गर्ने,<br><br>(च) जातीय छुवाछूत एवं लैंगिक भेदभावलाई दुरुत्साहन गर्ने,<br>(२) उपदफा (१) बमोजिम प्रसारण गर्न नहुने सम्बन्धी व्यवस्था विदेशी प्रकाशनको प्रदेश संस्करण वा मुद्रण र अन्य प्रसारण, पुनः प्रसारण रिले प्रसारणमा समेत लागू हुनेछ । | | |
| **परिच्छेद-७ दफा ४६** | ४६. <u>**दण्ड सजायः**</u> (१) कसैले दफा ४ बमोजिम इजाजतपत्र नलिई कार्यक्रम उत्पादन, वितरण तथा डाउनलिङ्क गरेमा त्यस्तो व्यक्तिलाई इजाजतपत्र दस्तुर वापत लाग्ने दस्तुर वरावर रकम असुल उपर गरी सो वरावरको रकम जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।<br>(२) कसैले दफा ४५ बमोजिम प्रकाशन तथा प्रसारण गर्न नहुने कुरा गरेमा विषयको गाम्भीर्यता हेरी पच्चीस हजार रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।<br>(३) कसैले उपदफा (१) र (२) मा लेखिएको बाहेक यस ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम गर्नु पर्ने कार्य नगरेमा वा गर्न नहुने कार्य गरेमा सञ्चार रजिष्ट्रार कसूरको मात्रा हेरी तीन हजारदेखि पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ । | १. कसैले दफा ४ बमोजिम इजाजतपत्र नलिई कार्यक्रम उत्पादन, वितरण तथा डाउनलिङ्क गरेमा त्यस्तो व्यक्तिलाई इजाजतपत्र दस्तुर वापत लाग्ने दस्तुर वरावर रकम असुल उपर गरी सो बरावरको रकम जरिवाना तथा क्षतिपूर्ति हुनेछ । | सञ्चार माध्यममा लगानी गर्न खोज्नेलाई इजाजत पत्र नलिएको र अन्य सञ्चार माध्यम प्रकाशन प्रशारणसँग सम्बन्धित प्रक्रिया पूरा नगरेकै भरमा कैद सजायको व्यवस्था गरिनु हुँदैन । यो फौजदारी अपराध होइन, फौजदारी दायित्व सिर्जना गर्न मिल्दैन यसलाई दुष्कृतिजन्य कार्य मानी क्षतिपूर्तिमार्फत बलियो बनाउन सकिन्छ । |
| **परिच्छेद-७ दफा ५०** | ५०. <u>**सरकार वादी हुनेः**</u> यस ऐन बमोजिमको कसूर गरेको मुद्दा सरकार वादी हुनेछ । | **हटाउने** | सबै कसुर सरकारबादी हुदैनन् ।<br>सञ्चार माध्यमसँग जोडिएका कार्यहरुलाई सरकारवादी प्रकृतिको मुद्दा बनाउनुभन्दा यस्ता कार्यलाई दुष्कितिजन्य कार्य अन्तर्गत हेरिनुपर्दछ । |

| | | | |
|---|---|---|---|
| | | | यस प्रकारका विषयलाई सरकारीवादी मुद्दाका रुपमा व्यवहार गर्ने हो भने यसले सानो सानो निहुँमा राज्यको दमन बढ्ने खतरा रहन्छ । |
| परिच्छेद-८ दफा ५१ | ५१. <u>**किताबको अभिलेखीकरण गराउनु पर्नेः**</u> (१) कुनै पनि किताबको प्रकाशकले प्रकाशित किताब विक्री वितरण गर्नु अघि त्यस्तो किताबको दुई प्रति विनामूल्य अभिलेखीकरणको लागि सञ्चार रजिष्ट्रारमा बुझाउनु पर्नेछ ।<br>(२) सञ्चार रजिष्ट्रार उपदफा (१) बमोजिम किताब अभिलेखीकरण गर्दा तोकिए बमोजिमको विवरण सहित तोकिएको ढाँचामा अभिलेखीकरण गर्नुपर्नेछ । | ५१ हटाउने | • प्रस्तावित व्यवस्था धेरै असान्दर्भिक छ ।<br>• यो व्यवस्था निरंकुश व्यवस्था/पञ्चायती/ राणाकालीन व्यवस्थाको निरन्तरता झल्काउने खालको छ ।<br>• अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चित भएको हाम्रो जस्तो लोकतान्त्रिक मुलुकमा प्रस्तावित व्यवस्था सुहाउदैन । |
| परिच्छेद-८ दफा ५२ | ५२. <u>**किताबमा उल्लेख गर्नु पर्ने कुराहरुः**</u> किताबको प्रकाशकले प्रत्येक किताबमा प्रकाशक, सम्पादक वा लेखक वा अनुवादक, मुद्रक, छापाखाना र प्रतिलिपि अधिकार पाउने व्यक्ति समेत सबैको पूरा नाम, संस्करणको सङ्ख्या, वर्ष र सो संस्करणमा छापिएको प्रति तथा विक्री मूल्य आदि स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्नेछ । | ५२. हटाउने | • प्रस्तावित व्यवस्था धेरै असान्दर्भिक छ ।<br>• यो व्यवस्था निरंकुश व्यवस्था/पञ्चायती/ राणाकालीन व्यवस्थाको निरन्तरता झल्काउने खालको छ ।<br>• अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चित भएको हाम्रो जस्तो लोकतान्त्रिक मुलुकमा प्रस्तावित व्यवस्था सुहाउदैन । |
| परिच्छेद-८ दफा ५५ | ५५. <u>**सूचना बैंकको स्थापनाः**</u> (१) प्रदेश सरकारले सरकारी तथा सार्वजनिक निकायबाट प्रकाशित सामाग्री, सूचना तथा निर्णयहरु संकलन गरी नागरिकहरुलाई उपलब्ध गराउन सूचना बैंकको स्थापना गर्नेछ ।<br>(२) सूचना बैंकको | **५५. समाचार एजेन्सीको स्थापना** :(१) प्रदेश सरकारले सरकारी तथा सार्वजनिक निकायबाट प्रकाशित सामाग्री, सूचना तथा निर्णयहरु संकलन गरी नागरिकहरुलाई उपलब्ध गराउन समाचार एजेन्सी सूचना बैंकको स्थापना गर्नेछ ।<br>(२) समाचार एजेन्सीको गठन, सञ्चालन, व्यवस्थापन र काम, कर्तव्य | सूचना बैंक आफैंमा के हो ? कस्तो प्रकृतिको संस्था हुने र कसरी अभ्यासमा जाने भन्ने कुरा अस्पष्ट र अपरिभाषित भएकोले सूचना बैंकको सट्टा अभ्यासमा रहेको समाचार एजेन्सी शब्दाबली र संरचना राख्दा उपयुक्त हुने भएकाले शब्द परिवर्तन गरिएको हो । |

| | | | |
|---|---|---|---|
| | गठन, सञ्चालन, व्यवस्थापन र काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ। | र अधिकार तोकिए बमोजिम हुनेछ । | |
| परिच्छेद-८<br>दफा ५६ | ५६. **विवरण पेश गर्नुपर्नेः** यो ऐन प्रारम्भ हुनुअघि प्रकाशन तथा वितरण हुँदै आएका पत्रपत्रिका तथा प्रसारण हुँदै आएका प्रसारण संस्थाले सञ्चार रजिष्ट्रार तोकेको अवधिभित्र तोकिए बमोजिमका विवरण अभिलेखको लागि सञ्चार रजिष्ट्रार समक्ष पेश गर्नु पर्नेछ । | | अभिलेख लिने व्यवस्था प्रष्ट नभएकाले यस्तो विवरण आफैं वा सिडिओमार्फत पेश गर्ने भन्ने कुरा प्रष्ट पार्ने । |
| परिच्छेद-८<br>दफा ५७ | ५७. **श्रमजीवी पत्रकार सम्वन्धी व्यवस्थाः** (१) सञ्चार संस्थाले संघीय कानून बमोजिम निर्धारित न्यूनतम पारिश्रमिक तथा सेवा सुविधामा नघट्ने गरी श्रमजीवी पत्रकारलाई पारिश्रमिक तथा सेवा सुविधा उपलब्ध गराउनु पर्नेछ ।<br>(२) उपदफा (१) बमोजिमको पारिश्रमिक तथा सेवा सुविधा सम्बन्धी अनुगमन मन्त्रालयले गर्नेछ।<br>(३) सञ्चार संस्थाले नियुक्तिपत्र नदिई श्रमजीवी पत्रकारलाई काममा लगाउनु हुँदैन ।<br>(४) सञ्चार संस्थाले श्रमजीवी पत्रकारको लागि सामाजिक सुरक्षाको व्यवस्था लागू गर्नुपर्नेछ ।<br>(५) सञ्चार संस्थाले छापाखाना वा सञ्चार गृहमा काम गर्ने श्रमिक र उक्त छापाखाना वा सञ्चार गृहबाट उपभोक्ता वा वितरण केन्द्रसम्म पत्रपत्रिका पुर्‍याउने कार्यमा संलग्न सञ्चार मजदूर (हकर) लाई पनि संघीय कानून बमोजिम न्यूनतम पारिश्रमिकता, सामाजिक सुरक्षा र नियुक्तिपत्र दिनुपर्नेछ । | **५७. श्रमजीवी पत्रकार सम्वन्धी व्यवस्थाः** (१) सञ्चार संस्थाले संघीय कानून बमोजिम निर्धारित न्यूनतम पारिश्रमिक तथा सेवा सुविधामा नघट्ने गरी श्रमजीवी पत्रकार, कर्मचारी र कामदारलाई पारिश्रमिक तथा सेवा सुविधा उपलब्ध गराउनु पर्नेछ ।<br>(२)उपदफा १ बमोजिमको पारिश्रमिक तथा सेवा सुविधा सम्बन्धी अनुगमन मन्त्रालयले गर्नेछ।<br>(३) सञ्चार संस्थाले श्रमजीवी पत्रकारसम्बन्धी संघीय ऐनको पालना तथा कार्यान्वयनबारे अनुगमन गरी बार्षीक प्रतिबेदन सञ्चार रजिष्ट्रारले प्रकाशन गर्नुपर्नेछ ।<br>(४) हटाउने<br>(५) हटाउने | संघीय श्रमजीवी पत्रकारसम्बन्धी ऐन अनुसार श्रमजीवी पत्रकार, कर्मचारी र कामदार तीन छुट्टाछुट्टै शब्द उल्लेख भएकोले सोही अनुसार परिवर्तन गरिएको ।<br>संघीय श्रमजीवी पत्रकार ऐनमा नै यससम्बन्धी विस्तृत र स्पष्ट व्यवस्था भएकाले हटाइएको । |

## विधेयकले समेट्नुपर्ने अन्य प्रावधान

- प्रदेश सरकारले सरकारका गतिविधिबारे नियमित खुलासा गर्न प्रेस सम्मेलन गर्ने कुरा ऐनमै राख्न उपयुक्त ,
- रजीष्ट्रारबाट नियमित प्रेस सम्मेलन गर्ने, सञ्चार क्षेत्रको विकासबारे वार्षिक प्रगती प्रतिवेदन पेश गर्ने,
- पछाडि परेका भाषा, दुर्गम क्षेत्र र गाउँमा सञ्चार खाडल कम गराउने खालका प्रबर्द्धनात्मक कार्य लक्षित प्रावधान प्रस्तावित विधेयकले समेटेको देखिएन ।
- समग्र ऐनमा लैङ्गिक तथा सामाजिक समावेशीकरणको पाटो कमजोर देखिएकाले त्यो भावनालाई विधेयकले समेट्न जरुरी छ ।
- पत्रकारको क्षमता अभिवृद्धि तालिम/प्रशिक्षणबारे विधेयक मौन छ ।
- पत्रकार सुरक्षाका मुद्दामा पनि विधेयक मौन देखिन्छ ।
- सञ्चार र पत्रकारिताको विकासका लागि अध्ययन अनुसन्धान गर्नेबारे विधेयकले केही व्यवस्था गरेको छैन ।